घरायसी प्रयोजनको LP ग्यास सुरक्षा मार्गदर्शन

# ढुक्क भएर सुरक्षितसँग प्रयोग गर्नको लागि

किचेन वा लिभिङ रुम जस्ता परिवारले देख्न सक्ने ठाउँमा राख्नुहोस्।



## ग्यासको गन्ध आएमा गर्ने कुराहरु!

### आगो बाल्ने उपकरणहरु कदापि प्रयोग नगर्नुहोस्।




- (सलाई, लाइटर जस्ता) आगो सल्काउन सक्ने चीजहरु र भेन्टिलेसन फ्यान वा बत्ती आदिको सुइचमा पनि कदापि नचलाउनुहोस्।

### झ्याल र ढोका पूर्ण रुपमा खोली, ग्यास बाहिर पठाउनुहोस्।



- LP ग्यास हावा भन्दा गह्रुङ्गो हुने हुनाले, भुइँको लेबलमा जम्मा भएको ग्यासलाई पनि बाहिर पठाउन नबिर्सनुहोस्।

### सम्पूर्ण ग्यासबाट चल्ने उपकरणहरु बन्द गरी, ग्यासको मेन भल्भ बन्द गर्नुहोस्।

- अनिवार्य रुपमा ग्यास मिटर भल्भ अथवा ग्यास सिलिन्डर बन्द गर्नुहोस्।

◎ग्यास मिटर भल्भ कहाँ छ थाहा नभएमा, पहिले नै LP ग्यास बिक्री पसलमा सम्पर्क गरी निश्चय गर्नुहोस्।




### ग्यास चुहिएको अवस्थाबारे तुरुन्तै खबर गर्नुहोस्।



**"आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान" बाट दिइएको निर्देशनको पालना गर्नुहोस्।**

◎सुरक्षा निश्चय कार्य पूरा नभएसम्म ग्यास प्रयोग नगर्नुहोस्।

◎पहिले नै LP ग्यास बिक्री पसलमा आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान निश्चय गर्नुहोस्।

◎आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान २४ घण्टा नै खुला रहनेछ।


**LP ग्यास सुरक्षा समिति / उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**

## अचानक ग्यास बन्द भएमा!


### सर्वप्रथम ग्यास बन्द हुनुको कारण र सुरक्षा निश्चय गरौं।




| ○ⒷⒸ | Ⓐ○Ⓒ | ○○Ⓒ |
| --- | --- | --- |
| ग्यास प्रयोग गरिरहेको बेला, भूकम्पीय तीव्रता ५ वा सो भन्दा ठूलो भूकम्प आएको खण्डमा। | ग्यासबाट चल्ने उपकरण बन्द गर्न बिर्सने जस्ता कारणहरुले गर्दा लामो समय निरन्तर ग्यासको प्रयोग भएको खण्डमा। | रबर पाइप छुट्टिने आदि कारणले गर्दा अत्याधिक मात्रामा ग्यास निस्केको खण्डमा। |




### ग्यास मिटर रिसेट गर्ने तरिका



1. - ग्यासबाट चल्ने उपकरणको "बाल्ने र बन्द गर्ने" सबै ठाउँहरु बन्द गर्नुहोस्।
   - प्रयोग नगरेको ग्यासको मेन भल्भ बन्द रहेको निश्चय गर्नुहोस्।
2. - बायाँपट्टिको रिसेट बटन थिच्नुहोस्।
   - "ग्यास रोक्ने (ガス止)" लेखिएको अक्षर हट्छ।
3. - एलसीडी डिस्प्लेको अक्षर र बत्ति बल्ने -निभ्ने गर्छ।
   - १ मिनेट पर्खनुहोस्।

   ※कुनै-कुनैमा बत्ती रिसेट बटन भएको ठाउँमा हुन सक्छ।
4. - एलसीडी डिस्प्लेको अक्षर र बत्ति निभ्छ।
   - रिसेट प्रक्रिया पूरा भयो।
   - ग्यास प्रयोग गर्न सकिन्छ।


**ग्यास चुहिएको वा ग्यास गन्हाएको बेला, रिसेट प्रक्रियाहरु नगरीकन, LP ग्यास बिक्री पसलमा वा आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थानमा सम्पर्क गर्नुहोस्।**

※ग्यास प्रयोग नगरेको बेला, ग्यास बन्द नहुने गरी बनाइएको छ।

※रिसेट प्रक्रिया गरेपछि पनि "रिसेट" नभएमा, दोहोर्‍याएर रिसेट प्रक्रिया नगरीकन, LP ग्यास बिक्री पसलमा सम्पर्क गरी निरिक्षण गराउनुहोस्।

## ग्यासका उपकरणहरु १० वर्ष पुग्यो भने निरीक्षणको लागि सम्पर्क गरौं।

लामो समयदेखि प्रयोगमा रहेका ग्यासका उपकरणका पार्टपुर्जाहरु पुरानो भई बिग्रिएर दुर्घटना हुनसक्छ । १० वर्ष पुग्यो भने, निरीक्षणको लागि निर्माता वा ग्यास उपकरण बिक्रि पसललाई निरिक्षणको लागि सम्पर्क गर्नुहोस्।



ग्यासका उपकरणहरुको उदाहरण /नमुना

| LP ग्यास आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान | LP ग्यास बिक्री पसलको नाम |
| --- | --- |
| सम्पर्क: | |
| फोन: | |
| आपत्कालिन अवस्थामा सम्पर्क गर्ने स्थान २४ घण्टा नै खुला रहनेछ। | |

थप जानकारीका लागि LP ग्यास सुरक्षा समितिको वेबसाइटमा पनि हेर्न सक्नु हुन्छ। http://www.lpg.or.jp/


LPガス安全委員会
2024.8(ネパール語)

# सुरक्षा जाँचका बुँदाहरू

**CO (कार्बन मोनोअक्साइड) विषाक्तता बारे !**


पर्याप्त हावा (अक्सिजन) नभएको अवस्थामा आगो बाल्ने उपकरणको प्रयोग गऱ्यो भने पूर्ण रुपमा आगो बल्दैन र CO (कार्बन मोनोअक्साइड) निस्कन्छ। CO एकदम विषालु हुन्छ र यो सास फेर्दा शरीर भित्र मात्र पस्यो भने पनि ज्यान जाने खतरा हुन्छ। हामी तपाईंलाई CO अलार्म राख्न सिफारिस गर्छौं।



## CO विषाक्तता दुर्घटनालाई रोक्नका लागि !


### ✔ हावाको आवतजावत निश्चय गर्ने

- ग्यास प्रयोग गर्ने बेला सधैं भेन्टिलेसन फ्यान चलाउने र झ्याल खोल्ने गरौं!




### ✔ बाहिरबाट हावा आवतजावत भई बल्ने उपकरणहरु

- हावा आवतजावत गर्ने पाईप ठिकसँग जडान भएको छ वा छैन?
- हावा निस्कने ठाउँ टाल्लिएको छ वा छैन?
- हावा आवतजावत गर्ने पाईपको अगाडिको भाग बाहिर निस्केको छ वा छैन ?



**स्टोभ र ग्यासबाट चल्ने फ्यान हिटर प्रयोग गर्ने व्यक्तिहरुको लागि,**
१ घण्टामा १, २ पटक झ्याल खोलेर हावा परिवर्तन गर्नुहोस्।



## ग्यास चुहावट दुर्घटनालाई रोक्नका लागि !

### ✔ आगो बलेको छ वा छैन निश्चय गर्ने
### ✔ आगो बलिरहेको बेला निभ्ने
### ✔ धेरै पटक आगो बाल्ने प्रक्रिया, पुन: आगो बाल्ने प्रयास

- आगो बलेको छ वा छैन निश्चय नगर्नाले दुर्घटनाहरु घटिरहेका छन्। अनिवार्य रुपमा आगोलाई हेरेर निश्चय गर्नें!
- धेरै पटक आगो बाल्ने प्रक्रिया गरेर, आगो बाल्ने उपकरणमा जम्मा भएको ग्यास बलेर दुर्घटनाहरु घटिरहेका छन्। दोहोऱ्याएर आगो बाल्ने प्रयास गर्दा सावधानीपूर्वक गर्नें!

※ ब्याट्री सिद्धिएको छ भने आगो बल्दैन।




### ✔ प्रयोग नगरिएको ग्यासको मेन भल्भ

- भल्भ "बन्द" छ?
- ग्यासको मेन भल्भमा रबरको क्याप लगाइएको छ?



### ✔ रबरको पाइप

- जलेको वा चर्केको छ वा छैन!
- ग्यासको मेन भल्भको रातो लाइनसम्म जोडिएको छ वा छैन!
- पाइप ब्यान्ड राम्रोसँग लगाइएको छ वा छैन!




## यदि ... को लागि!



### ✔ CO अलार्म उपकरण
### ✔ ग्यास अलार्म उपकरण

- भ्याकुम क्लिनर आदि प्रयोग गर्ने अलार्म उपकरणको प्लग निकालेपछि पुन: जडान गरेको छ वा छैन?
- सकेटबाट प्लग निस्केको छ वा छैन?



ग्यास अलार्म उपकरणको उदाहरण


COअलार्म उपकरणको उदाहरण

ग्यास अलार्म उपकरण र CO अलार्म उपकरण राखेमा, ग्यासमा असामान्यता भएको बेला, बजर वा आवाज निकालेर सूचित गराउने हुनाले ढुक्क हुन सकिन्छ।

※ अलार्म परिवर्तन गर्ने म्याद ५ वर्ष हो।

### ✔ LP ग्यास सिलिन्डर /कन्टेनर

- आगोबाट २ मिटर वा सो भन्दा टाढा राख्नुहोस्!



### ✔ हिउँबाट हुने क्षतिको रोकथाम

- हिउँले रेगुलेटर, ग्यास मिटर आदि बिग्रने खतरा हुन्छ। हिउँबाट बचाउने घेरा र उपकरणहरु राख्ने ठाउँको निरिक्षणको लागि अनुरोध गर्दछौं।
- हिउँ हटाउने आदि गर्दा LP ग्यासको उपकरणहरुमा क्षति नहुने गरी ध्यान दिनुहोस्।



## निम्न अवस्थामा तुरुन्तै सम्पर्क गर्नुहोस्!

### आगो

- आगो स्थिर नभएमा
- आगो पहेँलो भएमा
- कुनै-कुनै ठाउँमा आगो नबलेमा

### सञ्चालन

- प्रयोग गरिरहेको बेला निभेमा
- पड्किएला जस्तो गरी आगो बलेमा
- सजिलै आगो नबलेमा
- आगो नबलेमा
- आगो फैलिन सामान्य भन्दा लामो समय लागेमा

### उपकरण

- बल्दाखेरि असामान्य आवाज आएमा
- ग्यासको गन्ध आएमा
- चलिरहेको बेला, बलेको ग्यासको गन्ध आएमा

उपकरण निर्माता वा LP ग्यास बिक्री पसललाई तुरुन्तै जाँच गर्न बोलाउनुहोस्।